स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य

मासिक समाचारपत्र

अंक २०, वर्ष १, २०८२ बैसाख ७, ने. सं. ११४५ चौलागा, आइतवार

## यस अंकका मुख्य विषयवस्तुहरु

१) आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न।
२) स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्वन्धी समिक्षा तथा पारस्परिक अवलोकन कार्यक्रम सम्पन्न।
३) खानेपानी परिक्षण कार्यक्रम सञ्चालन
४) कुपोषित बालबालिकाको खोज पड्ताल कार्यक्रम सञ्चालन।
५) स्थानीय तहअनुसार बृद्धि अनुगमनको अवस्था।

## आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न।

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा मितिः २०८१ चैत्र ४ गतेका दिन आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु विक्री वितरण गर्ने जिल्लाको नौ वटै स्थानीय तहमा रहेका फार्मेसी संचालकहरुका लागि आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बन्धी अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालय प्यूठानको तालिमहलमा संचालन गरिएको थियो। उक्त कार्यक्रममा जिल्लाका विभिन्न फर्मेसीहरुबाट २७ जनाको सहभागिता रहेको थियो। यसै गरी मितिः २०८१ चैत्र ५ गतेका दिन जिल्लाका बर्थिङ सेन्टरमा कार्यरत अ. न. मी. हरुका लागि




यसै गरी मितिः २०८१ चैत्र ५ गतेका दिन जिल्लाका बर्थिङ सेन्टरमा कार्यरत अ. न. मी. हरुका लागि आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बन्धी अभिमुखिकरण कार्यक्रम स्वास्थ्य कार्यालय प्यूठानको तालिमहलमा संचालन गरिएको थियो। उक्त कार्यक्रममा जिल्लाका विभिन्न सरकारी स्वास्थ्य संस्थाहरुमा कार्यरत १७ जना स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। दुई वटै समूहहरुलाई स्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुक, कार्यक्रम संयोजक राजु कुमार खड्का , कोशलराज बैध लगायतले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा ऐन तथा नियमावलीमा रहेका कानूनि व्यवस्थाहरुका बारेमा सहजिकरण गर्दै शिशुलाई सकेसम्म आमाको दुधलाई प्रतिस्थापन गर्न नहुनेवारे छलफलगरिएको थियो भने यदि शिशुलाई आमाको दुधका अतिरिक्त अन्य कुराहरु खुवाउनुपर्ने भएमा चिकित्सकको सल्लाहबमोजिम ऐन र नियमावलीले तोकेका मापदण्डहरु पुरा गरेरमात्र खुवाउनुपर्ने विषयमा सहजिकरण गरिएको थियो।

**“बिहेबारी २० बर्ष पारी” केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**

# स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्वन्धी समिक्षा तथा पारस्परिक अवलोकन कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यलय प्यूठानको आयोजनामा मितिः २०८१ चैत्र महिनाको ८ गतेका दिन नौबहिनी गाउपालिका वडा नं. २ मा रहेको लिघा स्वास्थ्य चौकीमा स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड सम्वन्धी अवलोकन कार्यक्रम गरिएको थियो। कार्यक्रम अन्तर्गत उक्त संस्थाले स्वमुल्याङ्कन गरेको स्कोर र अवलोकनको क्रममा गरिएको स्कोरको वारेमा समेत छलफल गरी सहजिकरण र सिकाई तथा अनुभवहरु आदनप्रदान गरिएको थियो। यसै क्रममा चैत्र १० गतेका दिन नौबहिनी गाउपालिका वडा नं. १ मा रहेको स्याउलिवाङ स्वास्थ्य चौकिमा पनि न्यूनतम सेवा मापदण्ड सम्वन्धी अवलोकन कार्यक्रम गरिएको थियो। उक्त स्याउलिवाङ स्वास्थ्य चौकीमा पनि संस्थाले स्वमुल्याङ्कन गरेको स्कोर र अवलोकनको क्रममा गरिएको स्कोरको वारेमा समेत छलफल गरी सहजिकरण र सिकाई तथा अनुभवहरु आदनप्रदान गरिएको थियो। छलफलको क्रममा दुवै स्वास्थ्य संस्थाहुमा अन्य कुराहरुका अतिरिक्त भवन अभावले गर्दा सेव प्रवाहमा कठिनाई हुनुका कारण पनि HPMSS मा प्रभाव पारेको पाईएको थियो। साथै सोहि दिन स्याउलिवाङ स्वास्थ्य चौकीमा जिल्लाका नौ वटा स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सम्वन्धी समिक्षा कार्यक्रम गरिएको थियो। सो कार्यक्रममा नौबहिनी गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत, जिल्लाका नौवटै स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुखहरु, स्वाथ्य कार्यालयका कार्यक्रम फोकल पर्सनहरु, स्याउलिवाङ स्वास्थ्य चौकीका स्वास्थ्यकर्मिहरु लगायतका अन्य स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो।




**"बिहेबारी २० बर्ष पारी" केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**

## खानेपानी परिक्षण कार्यक्रम सञ्चालन

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा मितिः २०८१ चैत्र ६ गतेका देखि जिल्लाका बिभिन्न खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका खानेपानी जाच गर्ने कार्य भईरहेको छ। यस क्रममा प्यूठान नगरपालिकाको वृहत खानेपानी तथा सरसफाई आयोजना, ऐरावति गा. पा. -१ को अमिले लिफ्ट खानेपानी तथा सरसफाई आयोजना, ऐरावती गा. पा. २ को मलवाङ खानेपानी तथा सरसफाई आयोजना, झिमरुक गा. पा.-१ को विडडाडा खानेपानी तथा सरसफाई आयोजना, झिमरुक गा. पा. -२ को ऐरिखोला काडापानी खानेपानी तथा सरसफाई आयोजना र गौमुखि गा. पा.-३ को चापखोला पञ्चमिटोल खानेपानी तथा सरसफाई आयोजनाको पानी परिक्षण गर्नेकार्य सम्पन्न भएको छ। यसै गरी जिल्लाका अन्य स्थानहरुमा संचालित खानेपानी तथा सरसफाई आयोजनाको खानेपानी परिक्षण गर्ने कार्य भइरहेको छ। कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालय प्यूठानका ल्याब टेक्निसीयन निरिक्षक डोर बहादुर कड्का सहितको टोलिले आयोजनाका मुल, ट्याङ्कि र धारा लगायतका स्थानमै पुगेर नमुना संकलन गरी परिक्षण गर्ने कार्य भरहेको छ।

## कुपोषित बालबालिकाको खोज पड्ताल सम्बन्धी कार्यक्रम सञ्चालन

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा मितिः २०८१ चैत्र २१, २२ र २३ गतेका दिन तीन समूहमा गरी जिल्ला स्थित नौ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा पोषण फोकल व्यक्तिहरु र स्वास्थ्य संस्थाका पोषण फोकल व्यक्तिहरुको सहभागितामा समुदायमा कुपोषित बालबालिका खोज पड्ताल सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। जिल्लाका सबै स्वास्थ्य संस्थाहरुले आआफ्नो स्वास्थ्य संस्थाको क्षेत्रमा रहेका समुदाय कुपोषित बालबालिकाको खोज पड्ताल गर्ने कार्य हाल संचालन भईरहेको छ। यस अन्तर्गत बालाबालिकाले नियमित बृद्धि अनुगमन गरे नगरेको, कति उमेर सम्म पुर्ण स्तन पान गरेको, कति उमेर बाट थप खाना खुवाउन सुरु गरेको जानकारी लिने, तौल, उचाई, मध्य पाखुराको नाप लिने, खुट्टा सुन्निएको छ छैन हेर्ने तथा अन्य पोषण सम्वन्धि समस्या छ छैन हेर्ने र उपचारको लागि प्रषण गर्नुपर्ने भएमा उपयुक्त स्थानमा प्रेषण गर्ने लगाएतका कार्य भईरहेको छ।




**"बिहेबारी २० बर्ष पारी" केटा र केटीको उमेर २० बर्ष नपुगी गरिने जुनसुकै बिबाह दण्डनीय अपराध हो।**




नव वर्ष २०८२ को सुखद् आगमनको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कार्यालय प्रमुख
तथा स्वास्थ्य
कार्यालय, प्यूठान
परिवार




## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले अघिल्लो आ व २०८०।८१ को शुरुवात सँगै शुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको २० औं अंक प्रकाशन गर्न लागेको छ । चैत्र महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सन्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।।